नेपाल सरकार
पूर्वाधार बिकास मन्त्रालय
सडक बिभाग

वेभ: www.dor.gov.np
ईमेल: dgdor@dor.gov.np

चाकुपाट, ललितपुर
नेपाल ।


मितिः- २०८३/०५/२८

# प्रेस विज्ञप्ति

बिषयः पृथ्वी राजमार्गको कृष्णभीर खण्डमा यातायात सञ्चालन सम्बन्धमा |

मिति २०८३/०५/१० र १४ गते त्रिशुली नदीमा आएको विनाशकारी बाढीको कारण पृथ्वी राजमार्गको कृष्णभीर क्षेत्रमा करिब १०० मिटर सडक नदी कटानका कारण पूर्ण रूपमा अवरुद्ध भएकोमा, यथाशीघ्र यातायात सुचारु गर्न सडक विभागले आवश्यक स्रोत, साधन, जनशक्ति तथा उपकरणहरूको अधिकतम परिचालन गरी नयाँ ट्र्याक निर्माण तथा सडक पुनर्स्थापनाको कार्य निरन्तर रूपमा गरिरहेको छ। **आज मिति २०८३/०५/२८ गते निर्माणाधीन ट्र्याकको अवस्था तथा सवारी आवागमनको सम्भाव्यता परीक्षण गर्न काठमाडौंबाट चितवनतर्फ एउटा ग्यास बुलेट सहित करिब बिस (२०) वटा र चितवनबाट काठमाडौंतर्फ एउटा भारी सहित केहि हलुका सवारी साधन सफलतापूर्वक संचालन गरिएको छ। यस परीक्षण सफल भए संगै बाँकी रहेको सडक स्तरोन्नति तथा सुरक्षाका कार्यहरू जारी रहेकाले हाललाइ यस सडक खुला गरिएको छैन।** यस सडक मिति २०८३/०६/०१ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा ल्याउने लक्ष रहेकोले कृष्णभीर खण्डबाट सवारी साधनको आवागमन पूर्ण रूपमा बन्द रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ। यस अवधिमा सम्बन्धित निकायबाट जारी गरिएका सूचना तथा वैकल्पिक मार्गसम्बन्धी निर्देशन पालना गरी आवश्यक सहयोग गरिदिनुहुन सम्पूर्ण यात्रु तथा सरोकारवालाहरूमा सडक विभाग हार्दिक अनुरोध गर्दछ।

शुभराज न्यौपाने
उप-महानिर्देशक, योजना तथा अनुगमन महाशाखा
प्रबक्ता